म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २९० शुक्रबार १८ जेठ २०८१ ने. सं. ११४४ बछलागा 31 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## तीनताप्के-घडेरीडाँडा-हात्तिगौंडा सडक स्तरीकण

हेटौंडा, १७ जेठ/मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१२ स्थित तीनताप्के पुलदेखि घडेरीडाँडा-हात्तिगौंडा सडक स्तरीकरण कार्यको शिलान्यास गरिएको छ ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा तथा उपप्रमुख राजेश बानियाँले संयुक्तरुपमा सडक स्तरीकणको शिलान्यास गरेका हुन् । हेटौंडा उपमहानगरका अनुसार २ करोड ६७ लाख ८२ हजार १ सय ३९ रुपैयाँको लागतमा सडक स्तरीकण हुन लागेको हो । निर्माण हुने सडकमा मेसिनरी वाल तथा १.५ किमि सडक स्ल्याव हुनेछ ।

विसं २०८० साल माघमा निर्माण सम्झौता भएको यो सडक आकाश, बादल-पेपुङ जेभी चम्पी ललितपुरले निर्माण ठेक्का पाएको थियो । यो सडक खण्डको विशेषगरी रमन्टार घडेरीडाँडा ईलाकामा मात्रै स्ल्याव ढलान बाँकी रहेको छ ।

# बिन्दाबासिनीको पीडा सुन्दा कानुनमन्त्री बने भावुक

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद बिन्दबासिनी कंसाकारले आफूमाथि तेजाब आक्रमण भएपछि उपचारका क्रममा आफ्नो घर लिलाम भएको बताएकी छिन् ।

प्रतिनिधिसभाको महिला तथा बालबालिका समितिमा सांसद कंसाकारले आफ्नो बैंक खाता रोक्का रहेको र तलब-भत्ता समेत पाउन नसकेको गुनासो सुनाइन् । सांसद कंसाकारले पीडा पोखेपछि बैठकमा सहभागी कानुनमन्त्री पदम गिरीले आँसु खसाले । अन्य सांसदहरुले विगतमा पनि यो कुरा सुनेको हुनसक्ने तर, आफूले पहिलोपटक सुनेको मन्त्री गिरीले बताए ।

'एघार वर्ष भयो घटना भएको । पीडितले अनेक ऋण-धन गरेर उपचार गर्नुपर्‍यो । त्यसकारण एउटा घर लिलाम भयो । अर्को लिलाम हुने चरणमा छ भनेपछि म यसलाई समाजको ठूलो घाउकारुपमा बुझ्छु,' मन्त्री गिरीले भने, 'ऋण लिन नसकेको भए त पीडित त मर्नुपर्ने रहेछ नि' उहाँलाई क्षतिपूर्ति दिन मैले अर्थ मन्त्रालयमा फाइल पठाएको छु।'





१० वर्ष अगाडि ९ वैशाख २०७० मा पनि हेटौंडामा आफ्नो भाँडा पसलमा बसिरहेकी बिन्दबासिनीलाई भारतीय नागरिक दिलीपराज केशरी (राज) ले प्रेम प्रस्ताव अस्वीकार गरेको भन्दै एसिड प्रहार गरेका थिए । घटनालगत्तै भारत पसेका केशरी ६ वर्षपछि पक्राउ परेका थिए । बीरगंजको सीमावर्ती क्षेत्रबाट पक्राउ गरी हेटौंडा ल्याएर प्रहरीले पीडित र पीडक एकैस्थानमा राखेर पत्रकार सम्मेलन गरी घटनाबारे जानकारी गराएको थियो ।

प्रहरीले ज्यानमार्ने कसुर अन्तर्गत मुद्दा चलाएर दिलीपलाई अदालत पुर्‍यायो । त्यतिबेलासम्म नेपालमा एसिड आक्रमण सम्बन्धी छुट्टै कानुन बनेको थिएन । मकवानपुर जिल्ला अदालतले पीडक दिलीपलाई १ लाख रुपैयाँ जरिवाना र ८ वर्ष कैद सजाय तोकेको थियो । कंसाकार परिवारले उपचारमा भएको खर्चसहित क्षतिपूर्तिको माग गर्दै मुद्दा दायर गरेका थिए । एसिड आक्रमणपछि कंसाकार परिवारले उपचार गर्दा लागेको १ करोड १४ लाख ८५ हजार रुपैयाँको सक्कलै बिल भरपाई अदालतमा पेश गरेका थिए ।

मकवानपुर जिल्ला अदालतले यो रकम सके अपराधीबाट भराउनू, उसले तिर्न नसके नेपाल सरकारले उपलब्ध गराउनू भनेर आदेश दिएको थियो । जिल्ला अदालत मकवानपुरका तत्कालीन न्यायधीश कमलराज विष्टले फैसलामा गरेका थिए-'निज प्रतिवादीबाट उक्त रकम भराउन नसकिएमा पीडितलाई परेको पीडा र उपचारमा भएको खर्चका सम्बन्धमा मनासिब माफिकको क्षतिपूर्ति रकम नेपाल सरकारबाट स्थापना भएको अपराधपीडित क्षतिपूर्ति राहत कोषबाट भराइदिनू ।'

तर, अदालतले आदेश गरेको ५ वर्ष बितिसक्दा पनि कंसाकारले क्षतिपूर्ति नपाएको बताएकी छिन् । 'अहिलेसम्म त्यो क्षतिपूर्ति पाइएको छैन' कंसाकार सुनाउँछिन्, 'फैसलापछि पनि उपचारमा कति खर्च भयो-भयो' । बिन्दबासिनीमाथि भएको एसिड आक्रमण पछि लगातार एसिड प्रहारका घटना सार्वजनिक हुन थालेपछि एसिड आक्रमणको विरुद्ध छुट्टै कानुन बनाउनुपर्ने आवाज उठेको थियो ।

२५ भदौ २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले एसिड पीडितहरुलाई भेटे । त्यही भेटमा कंसाकारले आफ्नो परिचयसहित प्रधानमन्त्री ओलीलाई एसिड आक्रमणविरुद्ध कठोर कानुन बनाउन आग्रह गरिन् । २ चैत २०७८ मा सरकारले एसिड आक्रमणबिरुद्ध अध्यादेश ल्यायो । त्यसपछि संसदमा पेश भयो 'तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियम ऐन-२०७९ ।'

### चिकित्सकको सल्लाह

बमोजिम नियमित उपचार, अध्ययनसँगै कुमारी बैंकको जागिरे जीवन बिताइरहेकी कंसाकार २०७९ को आमनिर्वाचनदेखि राजनीतिमा आइन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा लागेर राजनीतिमा आउने भएपछि उनले बैंकको जागिर छोडिन् । 'एसिड मात्र होइन, जलनका बारेमा नै अब सचेतना अभियान फैलाउनुपर्छ भनेर राजनीतिको बाटो रोजेको कंसाकारले बताएकी छिन् । गतवर्ष २ करोड रुपैयाँ घुस मागेको अभियोगमा रास्वपाले सांसद ढाकाकुमार श्रेष्ठलाई कारबाही गरेर उनको ठाउँमा कंसाकारलाई सांसद बनाउने निर्णय गरेपछि उनको जीवनमा युटर्न आएको थियो ।

राजनीतिमार्फत् नै एसिड र जलनका विषयमा सचेतना फैलाउन कस्सिएकी कंसाकारले बुधबार प्रतिनिधिसभाको महिला तथा बालबालिका समितिमा आफ्नो उपचारको क्रममा एउटा घर लिलाम भएको र अर्को घर पनि लिलामका लागि बैंकले ताकेता गरिरहेको गुनासो गरेकी हुन् । अदालतले उपचारमा भएको खर्च उपलब्ध गराउन फैसला गरेको पनि ५ वर्ष बितिसकेको र हालसम्म त्यो फैसला कार्यान्वयन नभएको कंसाकारले गुनासो गरेकी छिन् । आफ्नो बैंक खाता पनि रोक्का भएका कारण काठमाडौंमा बस्नका लागि परिवारले थप ऋण खोज्न परिरहेको गुनासो गरेकी हुन् ।

# अस्पतालमा मनोचिकित्सा वार्ड

साझाकुरा संवाददाता




हेटौंडा, १७ जेठ/ मकवानपुरको हेटौंडा अस्पतालमा बुधबारबाट उपचारका लागि २५ शैयासहितको मनोचिकित्सा वार्ड सञ्चालन आएको छ ।

अस्पतालको पुरानो भवनमा महिला र पुरुषलाई छुट्टाछुट्टै राख्न मिल्ने गरी मनोचिकित्सा वार्ड सञ्चालनमा आएको हेटौंडा अस्पतालका निमित्त मेडिकल सुपेरिटेन्डेन्ट डा. श्रीधर अर्यालले जानकारी दिए ।

गत असारबाट हेटौंडा अस्पतालमा एकजना मनोरोग विशेषज्ञ नियुक्त भई ओपिडीमार्फत् सेवाप्रवाह गर्दै आएकोमा हाल यो सेवालाई विस्तार गरी आकस्मिक र बिरामी भर्ना सेवा समेत सञ्चालनमा ल्याइएको निमित्त मेडिकल सुपेरिटेन्डेन्ट डा.अर्यालले बताए ।

पछिल्लो समय मनोचिकित्सासम्बन्धी समस्याबाट पीडित व्यक्तिको संख्या बढ्दो क्रममा रहेको र सोही कारणबाट आत्महत्या गर्ने दर बढेकाले काउन्सिलिङ तथा उपचारको माध्यमबाट जोखिम न्यूनीकरणका लागि मनोचिकित्सा वार्ड सञ्चालनमा ल्याएको अस्पतालले जनाएको छ । अस्पतालले बुधबारबाट मनोचिकित्सा वार्डसहित ओपिडी सेवासमेत सञ्चालनमा ल्याएको हो ।

यसअघि गत माघमा उद्घाटन गरिएको यो वार्डको केही संरचनागत सुधार गरेर सञ्चालनमा ल्याइएको हो । वार्डमा नर्सिङ स्टेसनको व्यवस्थासहित बिरामीको रेखदेखमा समेत सहजता हुने गरी शैया तथा कोठाको व्यवस्थापन गरिएको निमित्त मेडिकल सुपेरिटेन्डेन्ट डा.अर्यालको भनाई छ । उनले वार्ड सञ्चालनका लागि अस्पताल व्यवस्थापन समितिबाट पाँच लाख रुपैयाँ खर्च गरेको जानकारी दिए ।

ओपिडी र अन्य ठाउँबाट रेफर गरिएका र भर्ना गर्नुपर्ने बिरामी यो वार्डमा राखेर परामर्शदाता मनोचिकित्सक डा. उद्धव लामा, डा. रितेश राउत तथा मनोरोग नर्सद्वारा बिरामीको सेवा दिन सुरु गरिएको छ । वार्ड सुरु गरिएको पहिलो दिन बुधबार नै तीनजना बिरामी भर्ना भएको अस्पतालले जनाएको छ ।

# २४ जनाले गरे रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/टोल विकास संस्था नगरसमन्वय समिति हेटौंडा उपमहानगरपालिकाको आयोजनामा बिहीवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ । विश्व वातावरण दिवस २०८१ को अवसरमा सप्ताहव्यापी कार्यक्रमअन्तरगत पहिलो दिन आयोजित कार्यक्रममा २४ जनाले रक्तदान गरेका हुन् । हेटौंडा-१९ बस्तीपुरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै वडाअध्यक्ष नरनाथ सुवेदीले रक्तदान महादान भन्दै मानवीय सेवामा समर्पित हुन सबैलाई आग्रह गरे ।

टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा टोल विकास संस्था नगर समन्वय समितिका उपमहासचिव देवकुमार श्रेष्ठ, सचिव चन्द्रावती पनेरु, सदस्यहरु स्यामकुमार रिमाल, अन्जु पन्डित, वडासमन्वय समितिका अध्यक्षहरु क्रमश हेटौंडा-१९ का देवेन्द्र अर्याल, ३ का रोशन गोले र ११ का यज्ञबहादुर आचार्यलगायत सहभागी थिए ।

समितिले भोलि १८ गते विहान ७ बजे फरेष्ट्रि क्याम्पसको गेट अगाडिबाट बसपार्कसम्म फोहोर खोज चुनौती कार्यक्रम सञ्चालन गरी बसपार्क क्षेत्रमा प्लास्टिकजन्य सामग्रीको विक्रीवितरण नियन्त्रण गर्न सचेतना अभियान सञ्चालन गर्ने अध्यक्ष अधिकारीले जानकारी दिए । जेठ १९ गते नगरभित्रका सम्पूर्ण टोल विकास संस्थामा विहान ७ बजे सफा हेटौंडा अभियान अन्तरगत सरसफाई कार्यक्रम र दिउँसो २ बजे वनविज्ञान अध्ययन संस्थानमा मेयर/उपमेयरसँग बालबालिका कार्यक्रम सञ्चालन हुने जनाइएको छ ।

त्यस्तै २० गते दिउँसो १ बजे रोयल पार्टी प्यालेसमा फोहोर मैला व्यवस्थापनमा स्थानीय नागरिकको भूमिका विषयक निबन्धलेखन प्रतियोगिता आयोजना गरिने र २१ गते विहान ६ बजे हुप्रचौरबाट उपमहानगरपालिकाको कार्यालयसम्म वातावरणीय सचेतनामूलक साइकल र्‍याली तथा सम्मान कार्यक्रम आयोजना गरिने अध्यक्ष अधिकारीले बताए । जेठ २२ गते विहान ७ बजे मनकामना मन्दिर जाने बाटो र जलेश्वर मन्दिर परिसरमा वृक्षरोपण तथा दिउँसो ३ बजे रोयल पार्टी प्लालेसमा खेर गएका बस्तुबाट उत्पादित सामग्रीको प्रतिस्पर्धा आयोजना गरिने जनाइएको छ ।

त्यस्तै जेठ २३ गते विहान रोयल पार्टी प्लालेसमा कपडाको झोला वितरण कार्यक्रम आयोजना गर्नुको साथै पुरस्कार तथा सम्मान कार्यक्रम गरिने जनाइएको छ । सोहीदिन वातावरण सचेतनासम्बन्धी र्‍यालीले नगरपरिक्रमा गर्ने अध्यक्ष अधिकारीले जानकारी दिए । सप्ताहव्यापी कार्यक्रमलाई सव्य र भव्य बनाउनका लागि टोल विकास संस्था, विद्यालय, खेलकुद संघसंस्था, क्लब, आमा समूह, स्वयंसेविका, धार्मिक, जातीय तथा सांस्कृतिक समूह, संचारकर्मी र नागरिक समाजका व्यक्तित्वसँग समन्वय गरिएको उनले जानकारी दिए ।

# मकवानपुरका सिडिओ सेढाईको सरुवा, चिलुवाल आउने

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईको सरुवा भएको छ । गृह मन्त्रालयले २५ जना प्रमुख जिल्ला अधिकारी (प्रजिअ) र सहसचिवको सरुवा तथा पदस्थापन गरेसँगै मकवानपुरका सिडिओ परिवर्तन गरेको हो । यसै क्रममा मकवानपुरमा गृह मन्त्रालयबाट तीर्थराज चिलुवाल नयाँ सिडिओको रुपमा आउने भएका छन् । सेढाईको जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक सरुवा भएको छ । बुधबार गृहमन्त्रीस्तरीय निर्णयबाट केही दिनअघि पदस्थापन भएर आएका नयाँ सहसचिवसहित जिल्लामा कार्यरत सिडिओ परिवर्तन गरेको हो ।

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा | बैंकिङ कक्षा तयारी
खरिदार | नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा | नेपाल टेलिकम तह ४
- Computer in Graphic Design
- Computer in web Devlopment
- Computer in Accounting Package
50% OFF for +2 Student
- Diploma in Computer
- Japanese Language
- IELTS/PTE Class
- शान्त तथा स्वच्छ वातावरण
- हरेक हप्ता Model Test
- दक्ष तथा अनुभवी शिक्षक
- Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096, 9855057021,9804219546, 9855078775

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

हाम्रो कुरा

# खेल पूर्वाधारमा प्राथमिकता

पछिल्लो समय देशमा भएका राम्रा खेलाडी आफ्नो भविस्य खेलक्षेत्रमा सुनिश्चत नदेखिएपछि खेलक्षेत्रबाट पलाएन भएका छन् । आफूसँग भएको सीप, क्षमताले राज्यको प्रतिनिधित्व गर्दै अन्तराष्ट्रिय रुपमा देशलाई चिनाएका खेलाडीहरु दिनप्रतिदिन बाहिरिदा राज्यले खेलाडीलाई स्वदेशमै खेलेरै बाँच्नसक्ने वातावरण सिर्जना गर्न सकेको छैन । नेपाली खेलकुद क्षेत्रमा देखापरेका परिस्थितिबीच केही आशाबादी बन्ने अवस्था बागमती प्रदश सरकारले ल्याएको छ । बागमती प्रदेश सरकारले खेलकुदलाई विशेष प्रथामिता दिँदै खेलक्षेत्रमा भविस्य खोजिरहेका खेलाडीका लागि आशा जगाउने काम गरिरहेको छ । बागमती प्रदेश सरकार स्थापनाको पहिलो वर्ष नै तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश युवा परिषद् गठनको कार्य अघि बढाए । प्रदेशलाई खेल क्षेत्रको उर्वरभूमिको रुपमा स्थापित गर्दै प्रदेश अन्तगर्तका जिल्लामा खेलक्षेत्रको विकास गर्ने विविध योजना अघि सारे । तत्कालीन मुख्यमन्त्री पौडेलले खेल क्षेत्र हेर्न छुट्टै निकायको आवश्यकता रहने भन्दै प्रदेश खेलकुद परिषद् गठन गरे ।

२०३९ सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालनको क्रममा हेटौंडा-६ गौरीटारमा सुविधा सम्पन्न रंगशाला निर्माण गर्ने घोषणा भएको थियो । रंगशाला घोषणा भएपनि कुनैपनि काम अघि नबढेको अवस्थामा २८ जेठ २०६६ सालमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले गौरीटार रंगशालामा केन्द्रीय खेलकुद प्रतिष्ठान निर्माणको शिलान्यास गरेका थिए । त्यतिबेला पाँच वर्षमा निर्माण सक्ने भनेपनि बजेट न्यून मात्र पाउँदा रंगशालाको वरपर पर्खाल लगाउने र खेलाडीको छात्राबास मात्र बनेको थियो । झण्डै १५ वर्षअघि शिलान्यास भएको रंगशालालाई प्रदेश सरकार स्थापनापछि गौरवको योजनाको रुपमा समेटेर काम गरि रहेको छ । प्रदेश संरचना आउनुपूर्व जिल्ला खेलकुद विकास समितिको स्वामित्व र हेको रंगशालाको २३ बिगाह जमिन हाल प्रदेश संरचनामा जिल्ला खेलकुद समिति र प्रदेशको स्वामित्वमा आएको छ । त्यसबखत गौरीटार रंगशाला निर्माणमा संघीय सरकारले करिब आठ करोड रुपैयाँ लगानी गरेको थियो । पाँच अर्ब लागत अनुमान गरिएको योजनामा संघीय सरकारले बजेट लगानी गर्न नसक्दा लामो समय अलपत्र बनेको थियो । संघीय सरकारले अलपत्र छाडेको गौरीटार रंगशाला निर्माणले गति लिएको छ । प्रदेशको तत्कालीन समाजिक विकास मन्त्रालय र हालको युवा तथा खेलकुद मन्त्रालयअर्न्तगत रहेको प्रदेश खेलकुद परिषदले रंगशाला निर्माणको नेतृत्व गर्दे प्रदेशमा विविध खेलकुदका प्रतियोगिताहरु गर्दे आइरहेको छ ।

प्रदेश सरकारले २३ बिगाहा क्षेत्रफलमा करिब ५ अर्ब रुपैयाँमा रंगशाला निर्माण गर्दै त्यसभित्र विषेश प्रथामिकताका साथ फुटबल स्टेडियम, पौडीपौखरी, क्रिकेट रंगशाला, एथलेटिक्स खेलका लागि पूर्वाधार, फिटनेस सेन्टरलगायत २१ वटा खेल संरचना निर्माण गरिरहेको छ । रंगशाको करीब ९५ प्रतिशत काम सम्पन्न भईसकेको बताइएको छ । रंगशालाभित्र चार हजार पाँच सय दर्शक क्षमताको प्यारापिट निर्माणको काम पनि अन्तिम चरणमा पुगेको छ । रातिको समयमा फुटबल प्रतियोगिता संचालन गर्न मिल्ने गरी रंगशाला निर्माण गरिएको छ । रंगशाला भित्र खेलाडीका लागि छुट्टै कोठा, आवासगृह, सुबिधासम्पन्न शौचालय, मिडिया सेन्टरका लागि विशेष कक्ष, प्रतियोगिता संचालनको क्रममा हुनसक्ने संम्भावित दुर्घटना र खेलाडीलाई लाग्नसक्ने चोटपटकको उपचारका निम्ति चिकित्सक बस्ने छुट्टै कक्षलगायत पूर्वाधार बन्ने सदस्यसचिव भण्डारीले बताए । खेल प्रतियोगिता हुने समयमा खेलाडी खोजेर हिड्नुपर्ने अवस्थाको अत्य गर्न परिषदले अग्रसरता देखाएको छ । खेलकुद परिषद गठन भएपछि सातै प्रदेशका सदस्यसचिवको भेला गरेको थियो । भेलाले प्रत्येक वर्ष फरक-फरक प्रदेशले अन्तर प्रदेश खेलकुद प्रतियोगिता संचालन गर्ने निर्णय गरेको थियो । यही निर्णयअनुसार प्रतियोगिता हुने प्रत्येक खेलमा सबले आफ्ना प्रदेश टिम निर्माण गर्नुपर्ने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ १९ गते शनिबार १ जुन २०२४ । अष्टमी, जेष्ठ कृष्णपक्ष । बछलागा ११४४ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५४ । वन उपभोक्ता दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : चुनौतीहरु बढ्नेछन् | तुला | : प्रयत्न निरर्थक हुनेछ |
| वृष | : आम्दानी घट्नेछ | वृश्चिक | : व्यावसायिक काम बन्नेछ |
| मिथुन | : मित्रताले हर्ष बढ्नेछ | धनु | : सहयोगीले असहयोग गर्नेछन् |
| कर्कट | : कामको तारिफ हुनेछ | मकर | : पढाइमा प्रगति हुनेछ |
| सिंह | : अरुको मन लोभ्याउन सकिनेछ | कुम्भ | : समस्या दोहोरिन सक्नेछ |
| कन्या | : दाम कमाउने बेला छ | मीन | : घरेलु काममै अलमल हुनेछ |

# परम्परागत दुर्व्यसनका सन्दर्भमा भ्रष्टाचार



मुक्तिबन्धु

दुर्व्यसन जो स्वभावका रुपमा विकसित हुन्छ । कदाचित् स्वभावभन्दा पनि बलियो हुन्छ । दृढसङ्कल्प लिएर सार्थक प्रयत्न नगर्दासम्म छोड्न सकिँदैन । कति दुर्व्यसनहरु धार्मिक, सांस्कृतिक र परम्परागत पनि हुन सक्छन् । अर्थ-राजनीतिक पनि हुन सक्छन् व्यसन । वैज्ञानिक शोध र चेतनागत विकासका क्रममा तिनीहरु चिनिदै जान्छन् । यसका लागि शताब्दीयौँ लाग्न पनि सक्छ ।

दुर्व्यसन भन्नेबित्तिकै हामी विभिन्न लागूपदार्थको लत भन्ने ठान्छौँ । चलनचल्तीमा चर्चा धेरैजसो त्यसैको चलिआएको पाइन्छ । व्यक्ति र समाजलाई तात्कालिक र बढी असर पार्ने दुर्व्यसन पनि तिनै हुन् ।

मैले १५ वर्षको उमेरमा धैबुङ गुरुगृहमा पढ्न बस्दा एउटा घटना-कथा सुनेको थिएँ । कथा यस्तो थियो- 'त्रिशूली महानदीपारि फाँटमा नदी तीरैनिर एक किसान खेत जोतिरहेका थिए । वारि फाँटमा पनि त्रिशूली किनारैनिर यताका एक किसान खेत जोतिरहेका थिए । दिउँसो छक्कालको समय थियो । वारिका किसानलाई सुर्तीको तलतल लाग्यो । पोल्टामा छामे, बास्सा (कपडाको विशेष थैलो) थिएन । हतारमा घरमै छुटेछ । लिन जाऊँ भने घर नजिक थिएन । लत न हो । खाऊँ-खाउँले सतायो । धेरै नै सतायो । यस्तैमा पारिका किसानले जोतान रोकेर पोल्टाबाट बास्सा झिकी सुर्ती निकालेको र हातमा राखेर माड्न थालेको दृश्य वारिको तलतलपीडित किसानले देखे । मलाई पनि दिनोस् न भन्ने इशारा गरे हातले । पारिको किसान ठट्यौला थिए । औँलाहरुले सुर्ती च्यापेर देखाउँदै ल लिन आऊ भन्ने इशारा गरे । वारिको किसानले आफ्नो अवस्था, महानदी त्रिशूलीको अवस्था सबै बिर्सेर सुर्ती थाप्न झवाम्मै त्यस असमेल नदीमा हेलिए । बिचरा किसान सुर्तीसम्म त पुगेनन्-पुगेनन्, आफ्नो खेतमा जोत्न पनि फर्केनन् । यस्तो हुन्छ तलतलको करामत । यसले ज्यान लिन पनि सक्छ ।'

तलतल प्रकारान्तरले कुलत हो । दुर्व्यसन हो । त्यसताका गाउँबस्तीहरुमा दुर्व्यसन शब्द चलनचल्तीमा थिएन । सबैले तलतल नै भन्थे । लौन तलतल लाग्यो, तमाखु छैन ? सुर्ती छैन ? सोध्न कसैले कसैसित लजाउनुपर्दैनथ्यो । पुराना कवि र कवितामा तमाखुबारे एउटा कविता पढ्न पाइन्छ । कविता व्यंग्यजस्तो पनि छ । कविताको एउटा श्लोक जस्तै-

*भलादमीमा गनियूँ भनेर*
*इच्छा भए क्यै तिमीलाई हेर ।*
*आज्कालको मुख्य सुसभ्य चाल*
*तमाखु टुर्क्याउन थालिहाल ।*

गाउँघरका हुनेखाने, साहु, तालुकदार, पुरेत, पण्डित सबैजसो ठूलाठालुहरु पालपाली हुक्का नारेर पातोवाल बुट्टे चिलिममा तमाखु टुर्क्याउँथे । ती भन्दा साधारणहरु सोतेमा चिलिम जोडेर तमाखु तान्थे । सर्वसाधारणहरु सानो चिलिममा भुस्याहा तमाखु भरेर तान्थे । कति पुरेत, पण्डितहरु पवित्रता जोगाउन तमाखु नखाएर सुर्ती चुस्थे । कति सुर्ती सुकाएर हातमै माडी-माडी धूलो पार्थे र नाकले सुइयँ तान्थे । त्यसरी तान्नुलाई नस हाल्ने भनिन्थ्यो । एकाध मानिस त गाउँतिर भिक्षाटन गर्न आएका जोगीसँग बसेर एक-दुई सर्को गाँजा पनि तान्थे । पछि चुरोट-बिँडीले तमाखुको ठाउँ लियो । त्यसताका मानिसहरुमा यो दुर्व्यसन हो र स्वास्थ्यका लागि हानिकारक छ भन्ने चेतना थिएन । यो हाम्रो हजुरबा, बा पुस्ताको कुरा हो ।

तामाङ गाउँलगायत केही पिउने परम्पराका गाउँहरुमा जाँडरक्सीको चलन थियो । चाडपर्वमा हल्का चहलपहल देखिन्थ्यो । अघिपछि ती पिउनेहरुसँग पनि जाँडरक्सी पउल हुन्थेन । मात्तिएर हिँड्नेहरु भेटिँदैनथे ।

गाउँबस्तीमा जुवाडेहरु पनि हुन्थे । बिहान घोडा चढेर जुवा खेल्न डाँडागाउँतिर लागेका बाबुसाहेब खालमा घरखेत हारेर बेलुका धुरुधुरु लुकाउँदै लुरुलुरु खुट्टाले गाउँ फर्कन्थे । यस्तो पनि हुन्थ्यो । तर पनि दशैं-तिहारमा सरकारले कट्टुवाल कराउन लगाएरै जुवा फुक्का गर्थ्यो । मानिसहरु खुल्लंखुल्ला जुवा खेल्थे । अहिले कट्टुवाल नकराएरै पनि मुलुकका ठूला-ठूला होटलमा दिनरात जुवा चल्छ ।

झन्डै चार हजार वर्षअघि संहिताकरण गरिएको वेदमा जुवा खेल्नुलाई दुर्व्यसन भनिएको छ र नखेल्न चेतावनी दिइएको छ । महाभारतमा धर्मराज युधिष्ठिरले जुवा खेलेर महायुद्ध सजाएका छन् । समाजमा व्यसन दुर्व्यसन एक किसिमले परम्परागत नै हुन् । उहिले पनि थिए । अहिले पनि छन् । वस्तु र प्रक्रिया बदलिएका छन् । कुरा कति मात्र हो भने, उहिले-उहिले दुर्व्यसन त थिए तर दुर्व्यसनको पहिचान, चेतना अहिले जति छ त्यति थिएन । व्यसन दुर्व्यसनको चर्चा चलनमा आएको त धेरै पछि हो ।

हामीलाई आजसम्मको हाम्रै इतिहासले पनि के सिकाएको छ भने, मादक पदार्थ प्रयोग गर्नु मात्र व्यसन होइन । कुनै पनि वस्तु सेवनलगायत निश्चित सोच, विचार र व्यवहारको बानी पर्नु पनि व्यसन हो । व्यसन असल, खराब दुवै हुन सक्छन् । कुन असल, कुन खराब ? यसको निर्णय तत्कालीन समाजको सोचसमझ, परिणाम र प्रतिक्रियामा निर्भर रहिआएको पाइन्छ ।

हामी पढाकु विद्वान् व्यक्तित्वलाई विद्याव्यसनी भन्छौँ । पढ्नु-लेख्नु, निरन्तर विद्या आर्जन गर्नु नै जसको व्यसन छ त्यसलाई विद्याव्यसनी भनिन्छ । लेखनव्यसनी, उद्योगव्यसनी, व्यापारव्यसनी, राजनीतिव्यसनी आदिजस्ता विशेषणहरु चलनचल्तीमा रहनुपर्ने भएर पनि अद्यावधि हाम्रा चलनचल्तीमा छैनन् । अन्याय, अत्याचार, भ्रष्टाचार, तस्करी, चोरी, डकैती, ठगी, माफियागिरी सबै व्यसन हुन् । घूस, कोसेली पनि व्यसन हो । जन्मजात नभएर पनि लागेपछि छुटाउन गाह्रो पर्ने बानी सबै व्यसन हो । चोरीको बानी परेको व्यक्ति अवसर पाएर कुनै मुलुकको मन्त्री वा प्रधानमन्त्री वा राजा नै भयो भने पनि चोर्ने मौका पर्दा मन थाम्न सक्दैन । इतिहासमा यस्ता उदाहरणहरु प्रशस्त भेटिएका छन् । हाम्रा पूर्वजहरुले भन्थे, 'श्वा यदि क्रियते राजा स किं नाश्नात्युपानहम् ? अर्थात् यदि कुकुरलाई राजा बनाइयो भने त्यसले जुत्ता भेट्टाउँदा खाँदैन भन्ने ठेगान के छ ?'

भन्ने नै हो भने बौद्धिक चोरी पनि व्यसन हो । यो व्यसन लागेपछि मानिस मौलिक रचना सिर्जनामा डुब्न सक्दैन । बसेर फुर्सदमा अर्काको कुरा काट्नु पनि व्यसन हो । कुरा काट्नुलाई संस्कृत भाषामा 'असूया' भनिन्छ । असूयाव्यसनीले जतिसुकै असल मान्छेको पनि खराब सम्भावना खोजी-खोजी कुरा काट्छ । यसै भएर असूयालाई वैदिक सनातनीहरुले अपराधसरह मानेका छन् । अनसुया अर्थात् कसैको कुरा नकाट्ने व्यक्तित्वलाई तपस्वीमा गनेका छन् । पुण्यकर्मी मानेका छन् । पुराणमा र रामायणमा पनि दृष्टान्तका लागि अत्रि ऋषिकी सहधर्मिणी अनसूयाको चर्चा गरिएको पाइन्छ । अनसूया अर्थात् कसैको कुरा नकाट्ने महिला । गीतामा वासुदेव कृष्णले पनि अर्जुनसँगको संवादको अन्त्यमा भनेका छन्- जथाभावी कुराकटुवालाई हाम्रो यो संवाद नसुनाऊ । 'नचाशुश्रूषवे वाच्यं न च मां योभ्यशूयति । अर्थात् जो यस सद्ज्ञानलाई महत्व दिएर जीवनमा उतार्दैन र जो मलाई अशूया गर्छ, अर्थात् गलत किसिमले आरोपित गर्छ त्यसलाई हाम्रो यो संवाद नसुनाऊ ।' (महान् यशस्वी शब्दशास्त्री अमरसिंहले आफ्नो प्रामाणिक शब्दकोश अमरकोशमा 'अशूया' शब्दको अर्थ 'दोषारोपो गुणेष्वपि' अर्थात् असल गुणमा पनि खराब हो भन्दै दोषारोपण गर्नु हो भनेका छन्) । सामान्य नीतिले भन्छ, 'शत्रोरपि गुणा वाच्या दोषा वाच्या गुरोरपि अर्थात् शत्रुकै पनि सद्गुण छ भने त्यसको बखान गर्नू, खराब बानीबेहोरा छ भने गुरुलाई पनि नछोड्नू ।' यसको तात्पर्य दोषको पर्दाफास गर्न नछोड्नू, गुणमाथि जथाभावी दोषारोपणचाहिँ नगर्नू भन्ने नै होइन र ?

यसै त हाम्रो समाजमा कति धनीमानीहरु गरिब, निर्धा, निमुखालाई शोषण गर्नु, सताउनुमा रस लिन्छन्, लिँदै आएका छन् । कति सासूहरु घरपरिवारमा बुहारीलाई बढीभन्दा बढी काममा दलाउनु र माइतीबाट उपहार, कोसेली, तिलक आदिका रुपमा शोषण गर्नुलाई चलनचल्तीको सामान्य व्यवहार ठान्छन् । यद्यपि सबै किसिमका शोषणहरु दुर्व्यसन नै हुन् । कुलत नै हुन् । लत लागिसकेपछि हम्मेसी छुट्दैन । सबैभन्दा दुर्व्यसनी त हाम्रो समाजमा परम्परागत सोचसमझका पतिहरु पनि हुन् । पत्नीलाई सताउनु हाम्रो समाजमा रुढिगत पृष्ठभूमिसहितको परम्परागत दुर्व्यसन हो । जातीय विभेद र हेलाहोचोको व्यवहार पनि सामाजिक दुर्व्यसन नै हुन् । कति दुर्व्यसनका धार्मिक, सांस्कृतिक पृष्ठभूमि छन्, कतिका छैनन् ।

व्यसन आदत हो, लत हो । दुर्व्यसनलाई कुलत पनि भनिन्छ । व्यसनले चलनको रुप लिएपछि त्यसले धमिराको काम गर्छ, गरिआएको छ । हाम्रो मुलुक प्रगतिमा पछि पर्नुमा आलोचित, अनालोचित विभिन्न धमिराहरुको उल्लेखनीय भूमिका रहिआएको छ ।

मानवजीवनमा व्यसनको दायरा विस्तृत छ । व्यसनले वैयक्तिक मात्र नरहेर सामाजिक, सांस्कृतिक र धार्मिम रुप लिएका इतिहासहरु छन् । हाम्रा घूस कमिसनव्यसनी रानजेताहरुले ठाडो भ्रष्टाचारलाई नीतिगत आवरण दिएर राष्ट्र र जनताका सम्पत्तिको भयङ्कर अपचलन गरेका छन् । जस्तै- आदियोगी शिवलाई समेत व्यसनीका रुपमा उभ्याएर जोगीहरुले गाँजालाई सांस्कृतिक र समाजस्वीकृत व्यसनका रुपमा निर्बाधता दिएका छन् । यी यस्ता सन्दर्भमा हुनुपर्ने व्यापक अनुसन्धान हुन जहिले पनि बाँकी नै र हन्छ । किन ?

लाग्छ, समाजको आर्थिक, राजनीतिक, सांस्कृतिक सबै क्षेत्रमा क्रान्तिकारी ढङ्गको आमूल परिवर्तन आउन परम्परागत व्यवस्थामै आमूल परिवर्तन आवश्यक छ । व्यवस्था पुरानै कायम रहेर अवस्थामा नयाँ-नयाँ परिवर्तन आउँछ भन्नु पनि मृगमरीचिकालाई जलाधार क्षेत्र भनेर पुन: परिभाषित गर्नुजस्तै हो । होइन र ?

*(साभार: नेपाल समाचार-पत्र)*

# मोदी नेतृत्वमा चम्किएको भारत

गोविन्दराज केसी

गत १९ अप्रिलदेखि सुरु भएको भारतीय चुनावी कुम्भमेलाको सरगर्मी १ जूनसम्म रहनेछ । तत्पश्चात् आउने मत परिणाम मोटामोटी जानकारी जस्तै छ । यद्यपि नरेन्द्र मोदीको भारतीय जनता पार्टीले ३७० स्थानमा एकल जित्ने दाबी गरे तापनि सामान्य बहुमत ल्याउनेमा विश्लेषकदेखि आम मानिस विश्वस्त देखिन्छन् ।

केशुभाई पटेलको स्वास्थ्य समस्यापछि सन् २००१ मा गुजरातको मुख्यमन्त्री चुनिएका नरेन्द्र मोदी २००२ को विधानसभा चुनावपछि २०१४ सम्म भारतको मुख्यमन्त्रीमा विराजमान भए । यही क्रममा गुजरातमा उनले लागू गरेको विकास मोडल मार्फत मुख्यमन्त्रीबाट सीधै २०१४ मा प्रधानमन्त्री पदमा फड्को मारे ।

गुजरात मोडलबारे विश्लेषकहरू यसरी व्याख्या गर्छन् । सामान्यत: गुजरात मोडलले २००२-०३ देखि २०११-१२ सम्मको अवधिलाई जनाउँछ जतिबेला गुजरातले आफ्नो वृद्धिदरमा 'क्वान्टम लिप'को अनुभव गर्‍यो । तत्कालीन मुख्यमन्त्री नरेन्द्र मोदीको नवउदारवादी नीतिहरूको नवीनतम व्याख्या नै यसको मुख्य चालक शक्ति थियो । गुजरातले यस अवधिमा कृषिमा फड्को मार्दै उच्च वृद्धि (७-८ प्रतिशत) अनुभव गर्‍यो । लगभग ९ वर्षको निरन्तर र राम्रो वर्षा, सरकारको सुधारिएको बीउ (बीटी कपास मुख्य हिस्सा थियो), कृषि रथ, आधुनिक कृषि अभ्यासहरू मार्फत सरकारको विस्तारित नीतिहरूले मुख्य काम गरेको थियो । र सो अवधिमा किसानलाई २४ सै घण्टा बिजुली उपलब्ध गराइएको थियो ।

आर्थिक वृद्धि बारे नै टाइम म्यागजिनको २० फेब्रुअरी २०१४ को अंकमा कृष्टा महर लेख्छिन्– '२००५ देखि २०११ सम्म, गुजरातको वार्षिक वृद्धिदर १० प्रतिशत थियो, जुन राष्ट्रिय औसत ८.४५ प्रतिशतभन्दा बढी हो, यद्यपि अन्य धनी प्रदेशहरू जस्तै तमिलनाडु र महाराष्ट्रले पनि सोही अवधिमा तीव्र आर्थिक वृद्धि गरेका थिए । यो अवधिमा प्रत्येक गाउँमा बिजुली पुग्नुका साथै प्राथमिक तहको विद्यालय उमेरका बच्चाहरूको भर्नादर शतप्रतिशत पुगेको थियो ।

ग्रामीण विकास मन्त्रालयका अनुसार राज्यले सन् २००० देखि २०१२ को बीचमा लगभग ३,००० ग्रामीण सडक परियोजनाहरू पूरा गर्‍यो, र गुजरातमा प्रति व्यक्ति उपलब्ध बिजुलीको मात्रा २००४-०५ र २०१३-१४ को बीचमा ४१ प्रतिशतले बढेको १४ डिसेम्बर २०१७ को बीबीसीमा प्रकाशित एक सामग्रीमा किञ्जल पाण्डया-वाघले लेखेकी छन् । यही समयमा, मोदीले गुजरातमा फोर्ड, सुजुकी र टाटा लगायत ठूला बहुराष्ट्रिय कम्पनीहरूको स्थापनाका लागि विशेष कम्पनीहरूलाई आकर्षण गर्न लालफित्ताशाही (रेड टेपिज्म) कटौती गरेका थिए ।

तर भारतीय थिङ्क ट्याङ्कको रूपमा स्थापित 'अब्जर्भर रिसर्च फाउण्डेसन' को १३ फेब्रुअरी, २०१३ को अंकमा प्रकाशित एक लेखले गुजरातको आर्थिक वृद्धिको खण्डन गर्दै उक्त दशकमा गुजरातको आर्थिक र सामाजिक विकासमा हासिल भएका उपलब्धिहरूले आफूलाई उत्कृष्ट शासन भएको राज्यको रूपमा प्रचार गर्ने कुरालाई समर्थन गर्दैन भनेका थिए ।

आर्थिक वृद्धिको सन्दर्भमा, स्थिर मूल्यलाई आधार मान्दा २००१ देखि २०१० को अवधिमा गुजरातको औसत वृद्धि ८.६८ प्रतिशत थियो, जसले यसलाई उत्तराखण्ड (११.८१ प्रतिशत) र हरियाणा (८.९५ प्रतिशत) भन्दा धेरै तल राख्छ । वास्तवमा, मोदीभन्दा अगाडिको युगदेखि मोदी युगसम्मको वृद्धिदरमा भएको परिवर्तन ८.०१ प्रतिशतबाट ८.६८ प्रतिशत मात्रै थियो ।

अर्को एउटा तथ्याङ्क अनुसार २००० देखि २०१० को बीचमा गुजरातको 'कुल राज्य घरेलु उत्पादन' (जीएसडीपी) समग्रमा भारतको ७.७ प्रतिशतको तुलनामा ९.८ प्रतिशतले बढ्यो । मोदीले दोस्रो कार्यकाल निर्वाचित हुन कडा रबैया अपनाएका थिए । चुनाव हुनुभन्दा डेढ महिना अगाडि सन् २०१९ को फेब्रुअरी २६ मा पाकिस्तानको बालकोटमा आतंककारी अखडाको संज्ञा दिँदै हवाई आक्रमण गरी भारतले जुन कुनै समय पाकिस्तानमाथि आक्रमण गर्न सक्ने सामर्थ्यको विकास गरेको सन्देश दिएका थिए ।

जसले भारतको अन्तर्राष्ट्रिय छवि उकास्न मद्दत गर्‍यो भने उग्र-राष्ट्रियताको वकालत गर्ने भारतीय चरमपन्थीहरूमा पनि मोदी लहरले समेट्न सक्यो । यसले चुनावमा सकारात्मक माहोल सृजना गर्न सक्यो । त्यसपश्चात् उत्तरी सिमानामा चीनसँग पटक-पटक सैन्य तनाव झेल्यो । १५ जून, २०२० मा गलवान उपत्यकामा चिनियाँ सेनासँगको मुठभेडमा २० भारतीय सेनाले ज्यान गुमाउन पुगे । त्यसयता चीनसँगको सिमानामा भारतले सशक्त उपस्थिति देखाइरहेको छ ।

केही वर्ष अगाडिसम्म भारतको मुख्य दुश्मन पाकिस्तान देखिन्थ्यो । तर पछिल्ला केही वर्षहरूमा एशियामा आएको भूराजनीतिक परिवर्तनले भारतलाई चीनको मुख्य प्रतिस्पर्धीमा बदलिदिएको छ । अमेरिकी नेतृत्वको इन्डो-प्यासिफिक रणनीतिमा भारत मुख्य खेलाडी रहेको छ । एशियामा चीनको प्रभुत्व रोक्ने मुख्य हतियार भारत हो भने भारतले पनि यसलाई आफ्नो राष्ट्रिय हित र स्वार्थमा बदलिरहेको छ ।

मोदी र उनको कूटनीतिक टिमले अमेरिकालाई भारतीय हितमा कसरी बदल्ने भन्ने गहन अध्ययन र रणनीति निर्माण गरेको देखिन्छ । अमेरिकी राजनीतिज्ञ, मुख्य दुई दलहरू, कूटनीतिज्ञ, सैन्यविद्हरू, अनुसन्धानमूलक संस्थादेखि सञ्चारमाध्यम, पत्रकार सबै भारतलाई एशियाको मुख्य शक्ति र चीनको काउण्टर शक्तिको रूपमा अन्तर्राष्ट्रिय स्तरमा नै भाष्य निर्माण गर्न सक्रिय देखिन्छन् । भारत आफैंले भन्दा पनि अन्य शक्तिहरूको टकरावले यसको अन्तर्राष्ट्रिय महत्व बढेर गएको छ । ९-१० सेप्टेम्बर २०२३ मा भारतको नयाँदिल्लीमा सम्पन्न जी-२० बैठकले पनि भारतको अन्तर्राष्ट्रिय गरिमालाई बढाइदिएको थियो । यसलाई मोदीको अर्को सफलताको रूपमा चित्रित गरिएको थियो ।

भारतीय सञ्चारमाध्यमहरूले मोदीलाई मुख्य पात्रका रूपमा स्थापित गरी विश्वस्तरीय नेताको रूपमा अगाडि बढाउन निकै कोशिश गरेको थियो । यद्यपि उक्त सम्मेलनमा चिनियाँ राष्ट्रपति सी जिनपिङ भने उपस्थित भएनन् ।

मोदीको अर्को कूटनीतिक सफलता भनेको रसिया र अमेरिकालाई सहजै परिचालन गर्न सक्नु हो । युक्रेन आक्रमणपछि रसियालाई युरोप र अमेरिका लगायतका सहयोगीहरूले आर्थिक नाकाबन्दी गरे पनि भारत तटस्थ रहेर रसियासँगको सम्बन्धलाई स्थिर राख्दै सुपथ मूल्यमा कच्चा तेल र पेट्रोलियम पदार्थ आयात गर्‍यो । अमेरिकाले भारतको रसिया कदमप्रति बेवास्ता गर्‍यो ।

गत हप्ता (२१ मे) रोयटर्समा प्रकाशित एक सामग्रीका अनुसार 'रसियाको सबैभन्दा ठूलो शिपिंग कम्पनी सोभकमफ्लोटद्वारा सञ्चालित नाकाबन्दी नगरिएका ट्याङ्करहरूमा ढुवानी सुचारु भएपछि भारतको रूसी तेल आयात अप्रिलमा नौ महिनाको उच्च विन्दुमा पुगेको देखिएको छ ।

भारत विश्वको तेस्रो ठूलो तेल आयातकर्ता र उपभोक्ता तथा रूसी समुद्री तेलको लागि शीर्ष ग्राहक हो । आर्थिक वर्ष २०२४/२५ को पहिलो महिना अप्रिलमा भारतीय प्रशोधनकर्ताहरूले लगभग १.८ मिलियन ब्यारेल प्रति दिन (बीपीडी) रूसी तेल ढुवानी गरे, जुन अघिल्लो महिनाको तुलनामा लगभग ८.२ प्रतिशतले बढी हो र भारतमा रूसको हिस्सा ३८ प्रतिशतले विस्तार भयो । यो अघिल्लो महिना ३२ प्रतिशत थियो ।

समग्रमा, भारतले अप्रिल २०२४ मा ४.८ मिलियन ब्यारेल प्रतिदिन तेल आयात गरेको छ, जुन अघिल्लो महिनाको तुलनामा ६.५ प्रतिशतले घटेको छ भने अप्रिल २०२३ को तुलनामा केही बढी नै हो ।


अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान अनुसार, जापान र जर्मनीलाई पछि पार्दै सन् २०२७ सम्ममा भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्रको रूपमा उभिनेछ, किनकि त्यतिबेलासम्म यसको जीडीपीले ५ ट्रिलियन अमेरिकी डलर अंक पार गर्नेछ । सन् २०४७ सम्म, भारत एक विकसित अर्थव्यवस्था बन्न चाहन्छ । वाल स्ट्रिट जर्नलमा डिलोइट इन्डियाकी निर्देशक डा. रुम्की मजुमदार लगायत विज्ञहरूले उल्लेख गरेका छन् कि भारतले २०२७ मा पहिलो माइलस्टोनमा पुग्न कम्तीमा ६.५ प्रतिशत वृद्धि र २०४७ मा दोस्रो माइलस्टोनमा पुग्न लगभग ८-९ प्रतिशतको वृद्धि सुनिश्चित गर्नुपर्छ ।

विश्वव्यापी मत सर्वेक्षणका लागि ख्यातिप्राप्त अमेरिकी थिङ्क ट्याङ्क प्यु रिसर्च सेन्टरले २०२३ मा गरेको मत सर्वेक्षणमा ८० प्रतिशत वयस्कहरूले नरेन्द्र मोदीलाई समर्थन गरेका थिए । गत अप्रिलमा मर्निङ कन्सल्ट संस्थाले गरेको मत सर्वेक्षणमा ७६ प्रतिशत भारतीयहरूले मोदीलाई समर्थन दिएका थिए । जवाहरलाल नेहरू विश्व विद्यालयको उपसभापति रहेकी शहेला रसिदले पनि मोदीको तारिफ गर्ने अवस्था कसरी बन्यो ? रसिदका अनुसार काश्मिर पहिला भन्दा झन् बढी विकास र प्रगतिको पथमा लम्किएको छ । शान्तिसुरक्षा र अमनचयन कायम भएको छ । भौतिक निर्माणले काश्मिरमा तीव्रता लिएको छ ।

उनले भनेकी छन्– 'धेरै मानिसहरू भन्छन् कि मैले १८० डिग्री यू-टर्न लिएँ ' तर तथ्य यो हो कि म परिवर्तन भएको होइन काश्मिरको जमिनमा व्यापक परिवर्तन भएको छ, मैले त्यसलाई स्वीकारेकी र बोलिरहेकी छु ।' पहिलो पटक चुनाव जितेपछि दलहरू दोस्रो पटक लगभग पराजित हुने अवस्था छ । तर मोदीको माहोल, व्यक्तित्व र लोकप्रियता झन् लोभलाग्दो गरी बढ्दो छ । सामान्य परिवारबाट हुर्केको, विश्वस्तरको कुनै विश्वविद्यालयको प्रमाणपत्र धारण नगरेको कुनै खास विषयमा विशेषज्ञता प्राप्त नगरेको तर कुशल संगठकको जगमा अग्लो कद बनाउन सफल भएका मोदी कुशल र चतुर राजनीतिकर्मी हुन् । मोदीको नेतृत्वमा चन्द्रयानको सफलताले भारतको प्राविधिक तथा वैज्ञानिक विकासको पुष्टि भएको छ भने अन्तर्राष्ट्रियस्तरमा भारतको विशिष्ट पहिचान बनेको छ । भारतले चीनसम्म मार गर्न सक्ने लामो दूरीको आणविक क्षमतायुक्त मिसाइलको सफल परीक्षण गरिसकेको छ ।

*(साभार: अनलाइनखबर)*

# संवैधानिक परिषद्‌को निर्णयमा प्रधानमन्त्रीको सहमति अनिवार्य



काठमाडौं/संवैधानिक परिषद्‌मा अध्यक्ष (प्रधानमन्त्री) को सहमतिमा मात्र निर्णय हुने भएको छ । राज्य व्यवस्था समितिको बिहीबार बसेको बैठकले संवैधानिक परिषद्रुमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष (प्रधानमन्त्री) र तत्काल बहाल रहेका कम्तीमा सदस्यको ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गर्ने व्यवस्थासहित संवैधानिक परिषद्सम्बन्धी विधेयक पास गरेको हो । सरकारले ल्याएको विधेयकमा यही प्रस्ताव थियो ।

तर तत्कालिन समयमा प्रतिपक्षमा रहेको नेकपा एमालेले परिषदमा बैठक बोलाउन र निर्णय गर्न अध्यक्षको सहमति अनिवार्य हुने व्यवस्था उचित नरहेको बतायो । कांग्रेस र माओवादी केन्द्रका सांसदहरुले संवैधानिक परिषद्‌मा प्रधानमन्त्री अल्पमतमा पर्नसक्ने कल्पना गर्न नहुने तर्क गर्दै आएका थिए ।

प्रमुख दलहरुबीच सहमति नभएपछि विधेयक अगाडि बढेन । अहिले सत्ता समिकरण फेरियो, कांग्रेस प्रतिपक्षमा पुग्यो भने एमाले सत्तारुढ दल भयो । अनि एमालेले सरकारकै प्रस्तावमा सहमति जनायो ।

अडान छाड्नुको कारण प्रष्ट्याउँदै एमाले सांसद रघुजी पन्तले भने, 'लोकतन्त्रमा बहुमतको निर्णय हुन्छ । संवैधानिक परिषदमा पनि बहुमतले निर्णय गर्नसक्ने विषय उचित थियो । तर एमालेको कारण विधेयक रोकिएको भन्ने भाष्य बन्न खोजेकाले नेताहरुसँग सल्लाह गरेर ठीकै छ भनिएको हो ।'

प्रधानन्यायाधीश, संवैधानिक आयोगका पदाधिकारीहरु सिफारिस गर्ने संवैधानिक परिषद्रुमा ६ प्रधानमन्त्री अध्यक्ष हुन्छन् भने सभामुख, राष्ट्रियसभा अध्यक्ष, प्रधानन्यायाधीश, उपसभामुख र प्रमुख प्रतिपक्षी दलको नेता सदस्य हुन्छन् ।

राजतन्त्र अन्त्यपछि बनेको अन्तरिम संविधान २०६३ मा संवैधानिक परिषद्सम्बन्धी व्यवस्था गरिएको थियो । लामो समयसम्म परिषदले सर्वसम्मत निर्णय गर्‍यो, यद्यपि त्यहाँ पनि राजनीतिक भागवण्डा हावी थियो ।

२०७२ सालमा जारी भएको संविधानमा पनि संवैधानिक परिषद्सम्बन्धी पुरानै व्यवस्थाले निरन्तरता पायो । तर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को विवादको प्रभाव संवैधानिक परिषद्मा देखियो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले परिषद्‌को बैठक राख्दा अत्कालीन सभामुख अग्निप्रसाद सापकोटा अनुपस्थित भए, जो पुष्पकमल दाहाल प्रचण्ड पक्षका थिए ।

तत्कालीन विपक्षी दलका नेता शेरबहादुर देउवाले पनि बैठकमा गएनन् । त्यसबेला उपसभामुख पद रिक्त थियो । सभामुख र विपक्षी दल नेता अनुपस्थित भएपछि संवैधानिक परिषद्‌को बैठक नै बस्न नसक्ने भयो । त्यसपछि ओली सरकारले ३० मंसिर २०७७ मा संवैधानिक परिषदका तीन जना सदस्यको उपस्थितिमा बैठक बस्न र निर्णय गर्नसक्ने गरी अध्यादेश ल्यायो ।

प्रधानमन्त्री, प्रधानन्यायाधीश र राष्ट्रियसभा अध्यक्षको उपस्थितिमा बसेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख लगायत ५२ पदमा नियुक्ति सिफारिस गर्‍यो । संसद समेत विघटन गरेका कारण संसदीय सुनुवाइको प्रक्रिया समेत पुरा नगरी उनीहरु स्वत: नियुक्त भएका थिए ।

अहिले राज्य व्यवस्थाले पास गरेको विधेयकमा बैठक र एजेण्डा तय गर्ने अधिकार अध्यक्षलाई नै दिइएको छ । तर बैठक बस्नुभन्दा कम्तीमा ४८ घण्टा अगावै सदस्यहरुलाई पत्र र विद्युतीय माध्यमबाट एजेण्डा पठाउनुपर्छ ।

साथै कुनै सदस्यले उपस्थित हुन नसक्ने भएमा बैठकको २४ घन्टा पहिला नै कारणसहित अध्यक्षलाई जानकारी गराउनुपर्ने व्यवस्था थप गरिएको छ ।

गणपूरक संख्यामा पनि परिवर्तन गरिएको छ । २०६६ सालको ऐनमा 'अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्यहरु उपस्थित भएमा परिषद्‌को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने' व्यवस्था थियो ।

यसलाई बदलेर 'अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्‌को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने' प्रावधान राखिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदका कानुन तथा मानव अधिकार सचिव लीलादेवी गडतौला २०६६ सालको ऐन अनुसार काम गर्न अप्ठ्यारो भएको व्यवहारिक रुपमै देखिएको बताउँछन् ।

भन्छिन्, 'प्रतिनिधि सभा विघटन भएर चुनाव घोषणा भएको अवस्थामा प्रधान्यायाधीश पद पनि रिक्त रहे परिषदमा तीन जना मात्रै सदस्य हुनसक्छ । त्यस्तो अवस्थामा परिषदको बैठक नै बस्न नसकेको उदाहरण विगतमा छन् । यसलाई समेत ख्याल गरेर विधेयक आएको छ ।'

राज्य व्यवस्था तथा सुशासन समितिले केही संशोधनसहित पास गरेको विधेयक अब बस्ने संसद बैठकमा पेश हुनेछ । प्रतिनिधि सभाको बैठक यही जेठ २० गते बिहान ११ बजेका लागि बोलाइएको छ । यसलाई राष्ट्रिय सभाले पनि स्वीकार गर्नुपर्छ, त्यसलाई राष्ट्रपतिले प्रमाणीकरण गरेपनि कानुनले रुप लिनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूजार सार्की' हेरेपछि तुलसी घिमिरे भन्छन्, 'यो फिल्म क्षेत्रका लागि माइलस्टोन'




काठमाडौं/अघिल्लो हप्ता प्रदर्शनमा आएको फिल्म 'पूजार सार्की'ले पहिलो हप्ता घरेलु बजारमा उत्साहप्रद व्यापार गर्‍यो । आज बिहीबारबाट दोस्रो हप्तामा प्रवेश गरेको फिल्मले शोज संख्या घट्न दिएको छैन । जातीय विभेदविरुद्ध तीन पात्रले गर्ने संघर्षको कथामा बनेको फिल्मले 'वर्ड अफ माउथ' राम्रो पाएको छ । यसैले आगामी दिनमा पनि फिल्मको व्यापार स्थिर रहने विश्वास निर्माण टिमको छ ।

बुधबार साँझ ठमेलस्थित छायाँ सेन्टरमा निर्माताले फिल्मको विशेष शो आयोजना गरेका थिए । जहाँ 'दर्पण छायाँ' निर्देशक तुलसी घिमिरेले 'पूजार सार्की' नेपाली फिल्म क्षेत्रका लागि 'माइलस्टोन' भएको दाबी गरे । उनले भनेका थिए, 'यो फिल्मभन्दा पनि एउटा यथार्थ सत्य हो । यो हाम्रो नेपाली फिल्म क्षेत्रका लागि 'माइलस्टोन' भयो ।' उनले यसलाई 'ऐतिहासिक फिल्म'को समेत संज्ञा दिए ।

'पूजार सार्की' जस्ता फिल्मले फिल्म क्षेत्र धनी हुने उनको तर्क थियो । 'यसमा मैले धेरै कुरा सिक्न पाएँ । मैले कति कुराहरु जानेको थिइनँ,' निर्देशक घिमिरेले अगाडि भने- 'यो टिमले फिल्म क्षेत्रलाई 'पूजार सार्की' दिएर धेरै धनी बनाएको छ । यस्तो फिल्मले नेपाली फिल्म क्षेत्र नै धनी हुन्छ । हामी संसारमा जान सक्छौं ।' उनले फिल्मका कलाकारहरुको अभिनय उल्लेखनीय रहेको पनि बताए ।

त्यस्तै, 'जात्रा' सिरिजका निर्देशक प्रदीप भट्टराईले यो फिल्म हेरेपछि समाजलाई धिकार्न मन लागेको टिप्पणी गरे । उनले भने- 'यो फिल्म हेरेपछि समाजलाई धिकार्न मन लाग्यो । अहिले पनि हामी जातका कारण मान्छे मारिरहेका छौं भनेपछि यो जति लज्जाको विषय अरु के हुनसक्छ ! यस्तो गर्नु हुँदैन भनेर हामी फिल्म बनाइरहेका छौं । जातको विषयमा बनेको यो नै अन्तिम फिल्म होस् ।'

प्रदीपले निर्देशक दिनेश राउतलाई लभस्टोरीको बादशाहको समेत संज्ञा दिए । 'उहाँले जुन विषयमा फिल्म बनाए पनि यसरी लभ हाल्नुहुन्छ कि त्यो उहाँको खुबी हो,' भट्टराई अगाडि भन्छन्, 'निर्देशक एउटा समयपछि बजार लगायतको कुराबाट निर्देशित हुन्छ । सुरुवाती आँटहरु हराउँदै जान्छन् भनिन्छ । म त्यो आँट उहाँबाट लिन चाहन्छु । यस्तो चीजमा निडर भएर कथा भन्नुभएको छ ।'

विशेष शोमा उपस्थित निर्देशक तथा निर्माता सुदर्शन थापा, अभिनेत्रीहरु सुरक्षा पन्त, मलिका महत, अभिनेताहरु शिशिर वाङ्देल, सरोज खनाल, सलोन बस्नेत, दिव्यदेव, रविन्द्र सिंह बानियाँ, निर्देशक शोभित बस्नेत लगायतले पनि कलाकारको अभिनय, निर्देशन पक्ष तथा विषयवस्तुको प्रशंसा गरेका थिए । राजनीतिज्ञदेखि दलित संघ-संस्थाका व्यक्तिहरुको पनि विशेष शोमा उपस्थिति थियो ।

# 'लण्डन टू पेरिस'को चरित्र र ममा ठूलो भिन्नता छ : निश्चल खड्का



काठमाडौं/नेपाली फिल्म क्षेत्र केही सीमित कलाकार को वरिपरि घुमेको छ । अभिनेतामा दयाहाङ राई, विपिन कार्की, सौगात मल्ल, अनमोल केसी, प्रदीप खड्का र पल शाहको बोलबाला छ । अभिनेत्रीहरुमा स्वस्तिमा खड्का, पूजा शर्मा, वर्षा राउत, साम्राज्ञी आरएल शाह बढी चलेका छन् । जसले गर्दा मेकरहरुलाई कलाकारमा धेरै विकल्प छैन । यसैले एउटै कलाकार प्राय: फिल्ममा दोहोरिरहन्छन् ।

नयाँ कलाकारहरुको आगमन नभएको पनि होइन । तर, ज्यादै कमले आफ्नो प्रभाव छाडेका छन् । अब धेरैको नजर यही जेठ २५ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'लण्डन टू पेरिस'मा छ । यसबाट निश्चल खड्काले डेब्यु गरेका छन् । फिल्मको ट्रेलर रिलिज भएपछि धेरैले उनलाई सम्भावना बोकेको अभिनेताको रुपमा हेर्न थालिएको छ । उनको लुक्स र डाइलग डेलिभरी राम्रो देखिन्छ ।

निश्चलले अभिनय गरेको 'लण्डन टू पेरिस' पहिलो फिल्म भए पनि सम्झौताको हिसाबले यो तेस्रो हो । यसअघि उनले दुईवटा फिल्म सम्झौता गरेका थिए । तर, ती कुनै बनेनन् । यसमा भने उनी अडिसनबाट छनोट भएका हुन् । फिल्मको रिलिज नजिकिँदै उनमा गर्दा डर र उत्साह दुवै देखिएको छ । तर, फिल्म राम्रो बनेकाले दर्शकहरुलाई मनपर्छ भन्नेमा उनी एकप्रकारले विश्वस्त देखिन्छन् ।

यसमा उनी अपिलको भूमिकामा छन् । जो लण्डनमा बस्छ । उसको लण्डनदेखि पेरिससम्मको यात्राको कथा फिल्मले भन्छ । उनी यो फिल्मलाई लभस्टोरी जर्नी भन्न रुचाउँछन् । आफ्नो चरित्रको इमोसनमा धेरै उतार-चढाव रहेको उनको भनाई छ । र, फिल्मको चरित्र र आफूबीच ठूलो भिन्नता रहेको उनको अनुभव छ । तर, कलाकार भएपछि सबैखालको चरित्र गर्नुपर्छ भन्ने उनलाई लाग्छ ।

उनी भन्छन्, 'फिल्मको क्यारेक्टर र ममा ठूलो भिन्नता छ । म कस्तो स्वभावको छु भने कुरा सबैको सुन्छु, निर्णय चाहिँ आफैं लिन्छु । तर, फिल्ममा कसैले उस्कायो भने मेरो क्यारेक्टरले त्यही गर्छ । रियल लाइफमा भने म कसैको कुराबाट उक्सिन्नँ । स्क्रिप्ट पढ्दा यो केटा कस्तो खालको हो भन्ने चाहिँ भएको थियो । तर, म कलाकार हुँ । हामी बहुरुपिया हुन्छौं । जस्तो क्यारेक्टर पनि गर्नुपर्छ ।'

## सर्वोच्चको व्याख्या :

# 'बक्यौता भएको राजस्व तिर्ने दायित्व व्यवसायीकै हो'



काठमाडौं/सर्वोच्च अदालतले भन्सार कार्यालयबाट त्रुटिपूर्ण रूपमा कम राजस्व तिरेर सामान आयात भएको भए बाँकी रहेको कर तिर्नुपर्ने दायित्व सम्बन्धित व्यवसायीकै हुने भनी व्याख्या गरेको छ ।

लेखापरीक्षणबाट बेरुजु देखिएको भन्सार राजस्व तिर्नुपर्ने दायित्व कसको हुने भनी सुरु भएको विवादको निरूपण गर्दै सर्वोच्च अदालतले सम्बन्धित कर अधिकृतले उद्योगी/व्यवसायीबाट कर असुल्नुपर्ने भनी व्याख्या गरेको हो ।

तीन सदस्यीय पूर्ण इजलासले त्यसरी कर असुल्दा सम्बन्धित व्यवसायी/उद्योगीलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्ने औंल्याएको हो ।

सर्वोच्च अदालतले सार्वजनिक गरेको फैसलाको पूर्णपाठमा भनिएको छ, 'कुनै मालवस्तुको पैठारी गर्दा कर तिर्ने दायित्व पैठारीकर्तामा नै रहने भएकाले लेखापरीक्षणमा बेरुजु जनिएपश्चात उक्त बेरुजु तिर्ने बुझाउने दायित्व पैठारीकर्तामा नै रहने देखिन्छ ।'

**विवाद यस्तो हो**

आदर्श पोलिप्लास्टिक प्रालिले प्लास्टिकका सामान उत्पादनका लागि आवश्यक पर्ने क्याल्सियम कार्बोनेट नाममा कच्चापदार्थ ल्याएको थियो । भन्सार कार्यालयले १० प्रतिशत भन्सार महसुल मात्रै लियो ।

महालेखा परीक्षकको कार्यालयका लेखापरीक्षकहरूले वीगञ्ज भन्सार कार्यालयमा गएर लेखापरीक्षण गर्दा भन्सार अधिकृतले थप ५ प्रतिशत अन्त:शुल्क लिन छुटाएको पत्ता लगाए । उनीहरूले लेखापरीक्षणका क्रममा सम्बन्धित उद्योगबाट थप ५ प्रतिशत अन्त:शुल्क लिनुपर्ने भनी बेरुजु कायम गरिदिए ।

महालेखा परीक्षक कार्यालयको प्रतिवेदनका आधारमा वीरगञ्ज भन्सार कार्यालयले बाँकी रहेको ५ प्रतिशत अन्त:शुल्क बुझाउनु भनी आदर्श पोलिप्लास्टिक प्रालिलाई पत्र लेख्यो र एक साताभित्र शुल्क नबुझाए खाता रोक्का राख्ने चेतावनी दियो ।

भन्सारको निर्णयविरुद्ध प्लास्टिक उद्योग सर्वोच्च अदालतमा गयो । त्यही मुद्दाको व्याख्याका क्रममा सर्वोच्च अदालतले लेखापरीक्षणमा देखिएको राजस्व वक्यौता (उठाउन बाँकी रहेको राजस्व) बुझाउने दायित्व सम्बन्धित करदाता (उद्योगी/व्यवसायी)को हुने भनी व्याख्या गरेको हो ।

'महालेखा परीक्षकको प्रतिवेदनमा बेरुजु कायम भएपश्चात काम कारबाही अगाडि बढाउनु सम्बन्धित निकाय कर्तव्य हुने देखिन्छ' न्यायाधीश हरि फुँयाल सहित सुष्मालता माथेमा र डा. मनोजकुमार शर्माको इजलासले गरेको फैसलामा भनिएको छ, 'असुल गर्नुपर्ने बेरुजु भनी लेखापरीक्षणमा देखिएमो फर्छ्यौट गर्ने जिम्मेवारी सम्बन्धित निकायको जिम्मेवार व्यक्ति र कारोबारमा संलग्न व्यक्तिको नै हुने ।'

महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षणपछि प्रतिक्रिया समेत समावेश गरी जारी गर्ने प्रतिवेदनमा भएका सिफारिस बाध्यकारी प्रकृतिको हुने भन्दै सर्वोच्च अदालतले फैसलामा भनेको छ, 'यस किसिमको सिफारिसजन्य प्रकृतिको प्रतिवेदनमा आधारित भई सम्बन्धित निकाय वा पदाधिकारीहरूले कानुन बमोजिमको कर्तव्य पालन गर्नुपर्ने देखिन्छ ।'

भन्सार विभागले हरेक वर्ष प्रकाशित गर्ने भन्सार महसुल दरबन्दी पुस्तक अनुसार भन्सारका कर्मचारीहरूले भन्सार तथा राजस्व उठाउनुपर्ने हुन्छ । पुस्तकमा उल्लेख भएअनुसार भन्सार उठाउन नसक्ने हो भने राजस्व संकलनमा नकारात्मक असर पर्ने भन्दै सर्वोच्च अदालतले राजस्व असुलीलाई कुनै कारणले छुट दिन नहुने औंल्याएको हो ।

सर्वोच्च अदालतले बेरुजुका कारण कुनै उद्योगी/व्यवसायीसँग छुटेको कर असुल्न मिल्ने भए पनि उसलाई सुनुवाइको मौका भने दिनुपर्ने औंल्याएको हो ।

बेरुजु देखिएको कर तिर्न एक साताको समयसीमा तोकेर बोलाउँदा प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने भन्दै सर्वोच्च अदालतले जुनसुकै अवस्थामा पनि व्यवसायीलाई स्पष्टीकरण राख्ने अवसरबाट वञ्चित गर्न नहुने औंल्याएको हो ।

फैसलाको पूर्णपाठमा भनिएको छ, 'एकपटक पैठारी भएको मालवस्तुको लाग्ने महसुल तिरी सामान छुटाइ लगिसकेको अवस्थामा महालेखा परीक्षकको प्रतिवेदनका आधारमा थप महसुल बुझाउनु पर्ने गरी निर्णय गर्दा प्राकृतिक न्यायको सिद्धान्त बमोजिम अनिवार्य रूपमा सुनुवाइको मौका दिनुपर्ने देखिन्छ ।'

२०७३ सालको घटनामा महालेखा परीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमार्फत बेरुजु औंल्याएको थियो । त्यसपछि भन्सार कार्यालयले २२ वैशाख २०७४ मा छुटेको भन्सार महसुस तिर्न आउनु भनी कम्पनीलाई पत्राचार गरेको थियो ।

सर्वोच्च अदालतले त्यो निर्णय बदर गर्दै आदर्श पोलिप्लास्टिकलाई फेरि स्पष्टीकरणको मौका दिन र त्यसपछि महालेखाको प्रतिवेदनका आधारमा उपयुक्त निर्णय गर्न आदेश जारी गरेको हो । सर्वोच्च अदालतको यो फैसलाले महालेखा परीक्षकको प्रतिवेदनका आधारमा बेरुजु देखिएको राजस्व असुल्न भन्सार र राजस्व प्रशासनका निकायहरूलाई सहज हुने देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# मधेशमा जनमत पार्टीको नेतृत्वमा सरकार बनाउन एमाले र माओवादी तयार

जनकपुरधाम/मधेशमा तीन दलबीच जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने सहमति भएको छ ।

बिहीबार बसेको नेकपा एमाले, नेकपा माओवादी केन्द्र र जनमत पार्टीको बैठकले जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने सहमति गरेको माओवादी नेता भरतप्रसाद साहले जानकारी दिए ।

सहमतिमा एमाले संसदीय दलका नेता सरोजकुमार यादव, जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादव र माओवादी संसदीय दलका नेता भरतप्रसाद साहको हस्ताक्षर छ । बिहीबार भएको सहमतिमा लोकतान्त्रिक समाजवादी पार्टी र एकीकृत समाजवादीका प्रतिनिधिको हस्ताक्षर छैन ।

सरकारमा यी तीन दलसँगै एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी पनि सहभागी हुने सहमतिपत्रमा उल्लेख छ । १०७ सदस्यीय प्रदेशसभामा नेकपा एमालेको सभामुखबाहेक २४, जनमत पार्टीको १३, माओवादी केन्द्रको ९, लोकतान्त्रिक समाजवादी पार्टीको ८ र एकीकृत समाजवादीका ७ सांसद छन् ।

३० वैशाखमा नेकपा एमाले र माओवादी केन्द्रले मधेश सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री सरोजकुमार यादव विश्वासको मत लिनुपर्ने अवस्थामा छन् । २१ जेठदेखि संसदको अधिवेशन आह्वान गरिएको छ र २३ जेठमा उनले विश्वासको मत लिने तयारी गरेका छन् ।

# ११ अर्ब बजेट पाएको एमसीसी परियोजनाको खर्च २ अर्ब मात्र

काठमाडौं/चालु आर्थिक वर्ष (आव) २०८०/८१ का लागि १० अर्ब ८४ करोड रुपैयाँ बजेट पाएको मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसीए) परियोजनाले चालु आर्थिक वर्षभित्र मुस्किलले झन्डै २ अर्ब रुपैयाँ मात्र बजेट खर्च गर्न सक्ने भएको छ ।

अर्थ मन्त्रालयको संशोधित अनुमान अनुसार एमसीसी मातहतको यो आयोजनाले चालु आवमा १ खर्ब ८३ करोड ६० लाख रुपैयाँ मात्र खर्च गर्न सक्नेछ ।

अघिल्लो आव २०७९/८० मा यो परियोजनामा मात्र ७१ करोड ७५ लाख रुपैयाँ खर्च भएको थियो । १३ भदौ २०८० देखि कार्यान्वयनमा आएको यो परियोजना ५ वर्ष भित्र सकिसक्नु पर्छ । नसके अनुदान फिर्ता जाने प्रावधान छ ।

नेपाल र अमेरिकी सरकारबीच ५० करोड अनुदान सहायतामा यो परियोजना कार्यान्वयन गर्ने सम्झौता भएको छ । जसमा नेपाल सरकारले थप १३ करोड अमेरिकी डलर सहलगानी गर्नेछ ।

अर्थ मन्त्रालयका अनुसार आगामी आर्थिक वर्ष २०८१/८२ का लागि एमसीसीलाई १३ अर्ब ३६ करोड रुपैयाँ विनियोजन भएको छ । जसमध्ये नेपाल सरकारले ३ अर्ब ४५ करोड र अनुदानबाट ९ अर्ब ९० करोड रुपैयाँ खर्च गर्ने योजना सरकारको छ । विनियोजित बजेटमध्ये चालुतर्फ १ अर्ब २३ करोड ८५ लाख र पूँजीगत तर्फ १२ अर्ब १२ करोड १५ लाख रुपैयाँ खर्च गर्ने लक्ष्य राखिएको अर्थ मन्त्रालयले जनाएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## जनहितमा जारी सन्देश !

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानून विरुद्धका कार्यहरू भए वा गरे गराएमा कानून बमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

**हेटौंडा उपमहानगरपालिका**

**६ नं. वडा समिति**

# बागमती प्रदेशसभा बैठकमा नीति, कार्यक्रममाथि निरन्तर छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ बागमती प्रदेशसभाको बिहीबार बसेको बैठकमा नीति तथा कार्यक्रम माथि छलफल भएको छ । बुधबार बाट सुरु भएको बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममाथिको छलफलले बिहीवार पनि निरन्तरता पाएको हो ।



छलफलमा सत्तापक्ष, प्रमुख प्रतिपक्ष र प्रतिपक्ष दलका सांसदले आ-आफ्नो धारणा, सुझाव र सल्लाह दिएका थिए । छलफलको क्रममा सांसदले सरकारलाई भूगोलअनुसारको बजेट र योजना कार्यान्वयन गर्न सुझाव दिएका थिए । उनीहरुले दीगो कार्यान्वयन गर्न सल्लाह दिएका थिए । बैठकमा प्रदेशसभाका सदस्यले सरकारले ल्याएको नीति तथा कार्यक्रममा प्रत्यक्ष रोजगारीलाई समेट्न औद्योगिक क्षेत्रको विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता नदिएकोमा चिन्ता व्यक्त गरेका थिए ।

उनीहरुले पूराना औद्योगिक क्षेत्रको समस्या बुझेर ती उद्योगलाई संचालनमा ल्याउनेतर्फ सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । प्रदेशसभा सदस्यले कृषिलाई उत्पादनमूखी बनाउने कार्यमा नीति तथा कार्यक्रममा थप कार्यगत योजनाहरु समावेश नभएको भन्दै सरकारले अब प्रदेशको पायक पर्ने स्थानमा प्राङ्गारिक मल कारखानाको स्थापनाको लागि बजेट विनियोजन गर्नुपर्ने माग गरे ।

बैठकमा प्रदेशसभा सदस्यले प्रदेश सरकारले भौतिक पूर्वाधार विकासको छनोट भएका योजनालाई मात्र आगामी वर्षको बजेटमा समावेश गर्न आग्रह गरे । मौसमी परिवर्तनसँगै वन डढेलोबाट हुने मानवीय एवम् वन्यजन्तु, पशुपंक्षीमा हुने क्षतिलाई न्यूनीकरण गर्न स्थानीय निकायलाई प्राविधिक उपकरणसहित सरकारले उपलब्ध गराउनुपर्ने र पीडित परिवारलाई राहत उपलब्ध गराउनुपर्ने बताएका थिए ।

प्रदेशको विभिन्न जिल्लामा सरकारी विद्यालय स्थापना भएता पनि गुणस्तरीय पठन-पाठनका लागि सम्बन्धित निकाय र शिक्षकले आफ्नो भूमिका निर्वाह गर्न नसकेकोतर्फ स्थानीय अभिभावकको गुनासो आएकोले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले समय-समयमा अनुगमन टोली पठाई शिक्षाको गुणस्तर सुधार गर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुपर्ने उनीहरुको धारणा थियो ।

प्रदेश सरकारको अघिल्लो आर्थिक वर्षमा सनातन साँस्कृतिक प्रबर्द्धनको लागि नीति कार्यक्रममा समावेश गरी प्रत्यक जिल्लामा साँस्कृतिक उत्थानको निमित्त विभिन्न संघसंस्थाले पुऱ्याएको योजनालाई प्रदेश सरकारले यसवर्ष समावेश नगरेको हुँदा सरकारले अब आत्मसमीक्षा गरेर यो विषय समावेश गर्न सुझाव दिएका थिए ।

सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम जेठ १४ गते प्रदेशप्रमुख यादवचन्द्र शर्माले सार्वजनिकरण गरेका थिए । बागमती प्रदेशसभाको अर्को बैठक भोलि बिहीबार बिहान ११:३० बजे बस्ने गरी बुधबारको बैठक स्थगित गरिएको छ ।

# सरकारी कर्मचारीलाई तनाव व्यवस्थापन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/आयुर्वेद तथा वैकल्पिक चिकित्सालयद्वारा आयोजित राष्ट्रसेवक कर्मचारीका लागि तनाव व्यवस्थापन कार्यक्रम सुरु भएको छ ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, आयुर्वेद तथा बैकल्पिक चिकित्सा मकवानपुरद्वारा आयोजित ब्रह्मकुमारी राजयोग सेवाकेन्द्रको सहकार्यमा राष्ट्रसेवक कर्मचारीलाई तनाव व्यवस्थापन कार्यक्रम संचालन गरिएको हो । कार्यालयमा काम गर्दा हुने तनावलाई कसरी कम गर्न सकिन्छ ? भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयुर्वेद तथा बैकल्पिक चिकित्सक प्रमुख डा. ललिता पाण्डेले जानकारी दिइन् ।

हेटौंडा-२, स्थित मानसचोक ब्रह्मकुमारी राजयोगको हलमा सुरु भएको कार्यक्रम १८ गते शुक्रवारसम्म चल्ने छ । बिहान ६ बजेदेखि १० बजेसम्म कक्षा संचालन हुनेछ । तनाव व्यवस्थापन कार्यक्रममा ५० जना भन्दा धेरैले तालिम लिइरहेको डा.पाण्डेले जानकारी दिइन् । तालिममा सम्पूर्ण कार्यालय प्रमुखहरु उत्साहकासाथ सहभागिता जनाएको डा.पाण्डेले बताइन् ।

तनाव व्यवस्थापन गर्नका लागि ध्यान, योग गर्नुका साथै अस्वस्थकर खानपान, निष्कृय जीवनशैली जस्ता कारण दीर्घ र नसर्ने रोगका बारेमा प्रशिक्षण गराइएको थियो । सहरी स्वास्थ्य जीवनशैलीका लागि योग कक्षामार्फत् विभिन्न सचेतनामूलक क्रियाकलाप संचालन गर्ने कार्यक्रमको मुल उद्देश्य रहेको उनले बताइन् । योगा एमडी डा. महेश्वर भट्ट, आयुर्वेद तथा चिकित्सा प्रमुख डा. पाण्डे, ओमशान्तिका अभियन्ता विजय सिग्देलगायतले योग प्रशिक्षण दिएका थिए ।

# पशुपतिनाथका बालबालिकालाई फ्रेस मिल्क सहित खिर

साझाकुरा संवाददाता




हेटौंडा, १७ जेठ/ मकवानपुरको मनहरीस्थित पशुपतिनाथ माविका बालबालिकालाई प्रदेश दुग्ध विकास बोर्डले खाजा खुवाएको छ । जुन १ मा मनाईने अन्तर्राष्ट्रिय दूध दिवसको अवसर पारेर बोर्डले विद्यार्थीलाई दुग्धपदार्थको खाजा खुवाएको हो ।

विद्यालयमा अध्ययन गर्ने कक्षा ५ सम्मका करिब २०० विद्यार्थीलाई आलु पनिरको तरकारी, खिरका साथै फ्रेस मिल्क उपलब्ध गराएको हो । कक्षा ६ देखि ८ सम्मका करिब २०० जनालाई फ्रेस मिल्क खुवाएको विद्यालयले जनाएको छ । दूधजन्य खाद्यबस्तुको उपभोग सही तरिकाले गर्न सचेतना गराउने उद्देश्यले बोर्डले कार्यक्रम राखेको प्रदेश दुग्ध विकास बोर्डका दुग्ध प्रबिधि अधिकृत डा.मन्दिप पोखरेलले बताए ।

विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधब गौतमले हाम्रो शरीरलाई आवश्यक पर्ने प्रोटिनजन्य पदार्थका लागि दैनिक दूध तथा दूधजन्यपदार्थ खानुपर्ने बताए । ग्रामीण क्षेत्रमा पशुपालन गरी दूध उत्पादन गर्ने किसानको संख्या घटिरहेको अवस्थामा बोर्डले सचेतनामूलक कार्यक्रम राखेर राम्रो काम गरेको बताए । हरेक आइतबार कक्षा ५ सम्मका बालबालिकालाई दिवाखाजाको रुपमा खिर खुवाउने गरेको भएपनि सीमित बजेटका कारण गुणस्तरीय खिर बनाउन नसकेको विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यले बताए ।

१५ लिटर दूधमा पकाएको खिर खाइरहेका बालबालिकाले बोर्डको सहयोगमा ४० लिटर दूधमा पकाएको खिर खाएका थिए । दूधजन्य उत्पादन बृद्धि गर्न र उपभोग गर्न प्रदेश दुग्ध विकास बोर्डले साताब्यापी कार्यक्रम संचालन गररिहेको बोर्डका लेखाअधिकृत प्रकाश खतिवडाले जानकारी दिए । सीमान्तकृत वनकरिया, दनुवार, चेपाङ बालबालिका अध्ययन गर्ने पशुपतिनाथ माविका बालबालिकालाई एक दिन गुणस्तरयुक्त दिवाखाजा उपलब्ध गराएको बोर्डले जनाएको छ ।

# अस्पतालमा जनशक्ति र उपकरण अभाव हुन नदिने मन्त्री श्रेष्ठको प्रतिवद्धता



साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठले अस्पतालमा जनशक्ति र उपकरणको अभाव हुन नदिने प्रतिवद्धता जनाएका छन् ।

सिन्धुपाल्चोकको चौतारा अस्पतालको अत्याधुनिक भवन उद्घाटनमा बोल्दै मन्त्री श्रेष्ठले यस्तो प्रतिवद्धता गरेका हुन् । अब चाँडै सेवाबिस्तार गर्न दत्तचित्त भएर लाग्न सम्पूर्ण अस्पतालका कर्मचारी, चिकित्सकलाई आग्रह गरे । स्वास्थ्यसेवा सबैका लागि अपरिहार्य भएकाले सबैसँग समन्वय गरेर अगाडि बढ्न अति आवश्यक भएको औंल्याए । समृद्ध नेपाल सुखी नेपाली हुनका लागि स्वास्थ्यको निकै महत्वपूर्ण भूमिका रहने उनको भनाई थियो ।

बागमती प्रदेशभरिका जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्यसेवाको पहुँच पुग्ने गरी प्रदेश मन्त्रालयले योजना बनाएको बताए । विश्वभर फैलिएको आत्महत्याको समस्या हाम्रो समाजमा पनि रहेको र यसको न्यूनीकरणका लागि बागमति प्रदेशले आवश्यक पहल गरिरहेको स्पष्ट पारे । स्वास्थ्य मन्त्रालयले सर्वपक्षीय संयन्त्रको निर्माण गरी जनचेतनाका लागि स्थानीय सरकारको सहयोगमा विभिन्न कार्यक्रम सन्चालन गर्दै लैजाने बताए ।

# एमाले मकवानपुरको अधिवेशन आजबाट, नयाँ नेतृत्व चयनको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/नेपाल कम्युनिष्ट पार्टी (एमाले) मकवानपुरको १२ औं जिल्ला अधिवेशन शुक्रबार बाट सुरु हुने भएको छ । अधिवेशन जेठ १८ र १९ गते हुनेछ ।

जिल्ला अधिवेशनले पार्टीको नयाँ नेतृत्व चयन गर्नेछ । जिल्ला अधिबेशनको तयारी पूरा भएको पार्टी जिल्ला सचिव नवीन सिग्देलले जानकारी दिए । अधिवेनका लागि विभिन्न समिति गठन गरेर तयारी गरिएको थियो । कुल ७६९ जना अधिवेशन प्रतिनिधिले जिल्ला कमिटीका पदाधिकारी र सदस्यहरु चयनगर्ने एमाले मकवानपुर अध्यक्ष एकालाल श्रेष्ठले जानकारी दिए ।

अधिवेशनमा जिल्लाका १० वटै पालिकाबाट प्रतिनिधि, पर्यवेक्षक र विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तित्व, पार्टीको जनवर्गीय संगठनबाट सहभागिता रहने एमाले मकवानपुरका इन्चार्ज देवी ज्ञवालीले बताए । अधिवेशनमा मकवानपुर जिल्लाका ११ हजार ६ सय ८४ जना पार्टी सदस्यबाट अधिवेशनको लागि प्रतिनिधि चयन गरिएको एमाले मकवानपुर सचिव सिग्देलले बताए ।

अधिवेशनमा मजदुर, पेशागत जनसंगठन, जेष्ठ कम्युनिष्ट मञ्च, सल्लाहाकार परिषद्बाट छानिएर ७ सय ६९ प्रतिनिधिले सहभागिता जनाउने छन् । अधिवेशनले १०५ सदस्यीय जिल्ला कमिटी चयन गर्ने सिग्देलले बताए । त्यसपछि जिल्ला कमिटीले १० प्रतिशत सदस्य मनोनीत गर्नेछ । अधिबेशनको लागि दुई सयजना स्वयम्सेवक परिचालन गरिने जनाइएको छ ।

## सन्दीप लामिछानेलाई अमेरिकाले फेरि दिएन भिसा

काठमाडौं, १७ जेठ/ अमेरिकाले नेपाली क्रिकेटर सन्दीप लामिछानेलाई भिसा दिन अस्वीकार गरेको छ । बिहीबार साढे ४ बजे अन्तर्वार्ताका लागि अमेरिकी दूतावास गएका उनलाई पुन: भिसा दिन अस्वीकार गरेको हो ।


यसअघि ९ जेठमा पनि अमेरिकाले सन्दीपलाई भिसा दिन अस्वीकार गरेको थियो । सन्दीपले टी-२० विश्वकप खेल्नुपर्ने भन्दै सरकारले भिसाका लागि अमेरिकी दूतावासमा पत्र पठाएको थियो । सन्दीपलाई अमेरिकाको भिसा दिनुपर्ने भन्दै बुधबार काठमाडौंको माइतीघरमा केही युवाहरुले प्रदर्शन पनि गरेका थिए ।

टी-२० विश्वकप अमेरिका र वेष्ट इन्डिजमा आयोजना हुँदैछ, जसका लागि कप्तान रोहित पौडेलसहितको टिम यसअघि नै अमेरिका पुगिसकेको छ ।

२ जेठमा उच्च अदालत पाटनले बलात्कार मुद्दामा सफाइ दिएपछि नेपाल क्रिकेट संघ (क्यान)ले सन्दीपको निलम्बन फुकुवा गरेको थियो र उनलाई विश्वकप खेल्न अमेरिका पठाउने निर्णय गरेको थियो ।


## आकर्षक घडेरी बिक्रीमा

हेटौडाबाट नारायणगढतर्फ महेन्द्र राजमार्ग सडकबाट करिव ३०० मिटरको दूरिमा लालिगुराँस टोल विकास, वडा नं. ११ मा रहेको ०-०-१७ धुर आकर्षक घडेरी बिक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले तल उल्लेखित नम्बरमा सम्पर्क राख्नुहोला।




सम्पर्क नम्बर: ९८५१०६६४६१/९८५१०६६४६०



## जनहितमा जारी सन्देश !

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानून विरुद्धका कार्यहरू भए वा गरे गराएमा कानून बमोजिम हुने व्होरा पनि जानकारी गराईन्छ ।

**हेटौंडा उपमहानगरपालिका**


१ नं. वडा समिति



## आकर्षक जग्गा बिक्रीमा

मकवानपुर जिल्ला मनहरी गा. पा. वडा नं. ६ नारायणगढतर्फ महेन्द्र राजमार्ग सडकबाट करिव १ कि. मि. को दूरिमा रहेको २ विघा ११ कठ्ठा १४ धुर आकर्षक जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले तल उल्लेखित नम्बरमा सम्पर्क राख्नुहोला।

सम्पर्क नम्बर:
९८५१०६६४६१
९८५१०६६४६०






हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






**Ready To Eat**

### हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना